शुद्धोधन राजपत्र

शुद्धोधन गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) शुद्धोधन, माघ महिना ०३ गते, २०७९ साल संख्याः १२

## भाग-१

# शुद्धोधन गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावना** : यस शुद्धोधन गाउँपालिका क्षेत्रभित्र स्थायी रुपले बसोबास गर्ने आर्थिक रुपले विपन्न, असहाय, अपाङ्गता, दिर्घरोगी, दुर्घटनामा परि गम्भिर घाइते भएका, अङ्गभङ्ग भएका व्यक्तिहरुको राहत उपचार खर्च तथा आर्थिक रुपले विपन्न, असहाय, अपाङ्गता भएका बालबालिकाहरुको शैक्षिक विकासको लागि सामाजिक उत्तरदायित्व बहन गर्दै आर्थिक राहत सहायता प्रदान गर्ने सम्बन्धमा आवश्यक कानुन बनाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(१) बमोजिम शुद्धोधन गाउँपालिकाको गाउँसभाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधेयकको नाम शुद्धोधन गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९ रहेको छ ।

(२) यो विधेयक शुद्धोधन गाउँपालिकाको गाउँ सभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधेयकमा

(क) गाउँपालिका भन्नाले शुद्धोधन गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ख) कार्यपालिका भन्नाले शुद्धोधन गाउँकार्यपालिकालाई सम्झनुपर्दछ ।

(ग) अध्यक्ष भन्नाले शुद्धोधन गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

(घ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले शुद्धोधन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(ङ) कडारोग भन्नाले मुटु रोग, क्यान्सर रोग, पार्किन्स रोग, अल्जायमर्स, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सिकेल सेल एनिमिया र थाइराइड रोगहरु सम्झनुपर्दछ ।

(च) स्वास्थ्य संयोजक भन्नाले शुद्धोधन गाउँपालिकाको स्वास्थ्य संयोजकलाई सम्झनुपर्दछ ।

(छ) आर्थिक प्रशासन शाखा प्रमुख भन्नाले शुद्धोधन गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुखलाई सम्झनुपर्दछ ।

**परिच्छेद २**

**अनुदान उपचार राहत सहयोग**

**३.बजेट विनियोजन गर्नुपर्ने:** (१) गाउँसभाले प्रत्येक आर्थिक वर्षमा विपन्न नागरिक औषधोपचार आर्थिक सहायता शीर्षकमा आवश्यकता अनुसार बजेट विनियोजन गर्नुपर्नेछ ।

(२) विनियोजित बजेटबाट विपन्न नागरिकहरुलाई औषधोपचार, काजक्रियाका लागि दफा ४ बमोजिम गाउँकार्यपालिकाको बैठकबाट तोकीएको आर्थिक सहायता उपलब्ध गराइनेछ ।

**४.आर्थिक सहायता पाउनेको प्रकार:** (१) नेपाल सरकारले कडारोग भनी तोकीएका मुटु रोग, क्यान्सर रोग, पर्किन्सस रोग, अल्जाईमर्स, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सिकेल सेल एनिमिया थाइराइड रोगका बिरामिका साथै मृगौला रोगको एक्युट रेनल फेलियर, मधुमेह, दम, उच्च रक्तचाप, पत्थरी, एच.आइ.भी.एड्स भएका बिरामीलाई गाउँपालिकाले तोकिएको आर्थिक सहायता उपलब्ध गराउने छ ।

(२) कुनै दुर्घटनामा परि गम्भिर चोटपटक लागेका तथा अंगभंग भएका बिरामीहरुलाई पनि गाउँपालिकाले तोकीए बमोजिमको आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ ।

(३) आर्थिक रुपमा विपन्न, अति गरिव, असहाय, अपाङ्गता भएका संरक्षक विहिन, अभिभावक विहिन बालवालिका, वृद्धवृद्धाहरुलाई उपदफा १ मा उल्लेखित रोग लागेमा आर्थिक सहायता प्रदान गर्न सकिनेछ ।

(४) यस गाउँपालिकाभित्र कार्यरत कर्मचारी एवम बहालवाला जनप्रतिनिधीहरु बिरामी भई अस्पताल भर्ना भएको खण्डमा आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(५) यस गाउँपालिकाभित्र क्षमता विकास, सचेतनामुलक, लक्षित वर्ग विशेष कार्यक्रम संचालन गर्ने व्यक्ति, संघ, संस्थालाई गाउँपालिकाले अनुदान बापत आवश्यक रकम उपलब्ध गराउन सक्नेछ ।

**५.आर्थिक सहायता बापत पाउने रकम:** (१) राहत वा उपचार आर्थिक सहायता बढीमा रु. ३५००० (पैंतिस हजार) सम्म गाउँपालिका प्रमुखले उपलब्ध गराउन सक्नेछ र सो भन्दा बढीको हकमा गाउँकार्यपालिकाको निर्णय गरि उपलब्ध गराउन सकिनेछ ।

(२) ठुलो दुर्घटना वा आपतकालिन अवस्था परि तत्काल उपचार गर्नुपर्ने वा उपचारका लागि लैजानुपर्ने भएमा र आर्थिक व्यवस्थापन गर्न आर्थिक रुपले असमर्थ र विपन्न भएका बिरामी व्यक्तिको हकमा अध्यक्षको सिफारिसमा रु.५०००० (पचास हजार रुपैंया) सम्म कार्यपालिकाको निर्णयनुसार गाउँपालिकाले तत्काल उपलब्ध गराउन सक्नेछ । तर त्यस्ता बिरामी व्यक्ति स्वयम

वा निजको सबैभन्दा नजिकको नातेदारले निवेदन सहितका आवश्यक कागजातहरु आर्थिक सहायता प्राप्त गरेको मितिले बढिमा १५ दिनभित्र गाउँपालिका कार्यालयमा पेश गर्नुपर्नेछ ।

(३) आर्थिक रुपले विपन्न, वृद्धवृद्धा, एकल महिला, अनाथ बालबालिकालाई कुनैपनि रोग लागि उपचार गराउनु पर्ने भएमा अस्पतालको चेक जाँचका कागजातहरु र उपचार गर्दा लागेको खर्चको बिल समेतलाई मध्यनजर गरी रु ५००० देखि २५००० (पाँच हजार देखि पच्चिस हजार) सम्म उपचार खर्च प्रदान गरिनेछ ।

(४) शुद्धोधन गाउँपालिका अन्तर्गत कार्यरत कर्मचारी एवम बहालवाला जनप्रतिनिधीहरु बिरामी भई अस्पतालमा भर्ना भई उपचार गराउँदा लागेको रकममध्ये बढिमा ५०००० (पचास हजार) सम्म गाउँपालिकाले उपचारमा लागेको विल एवम कागजातका आधारमा भुक्तानी दिन सक्नेछ ।

(५) शुभकामना, समवेदना लगायत सन्देशमुलक सूचना एवम विज्ञापनमा बिलको आधारमा गाउँपालिकाले सोझै २००० देखि ५००० सम्म रकम उपलब्ध गराउन सक्नेछ । सोभन्दा बढिको हकमा गाउँकार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

(६) विभिन्न व्यक्ति/संघ/संस्थाले यस गाउँपालिकाभित्र क्षमता विकास, सचेतना, लक्षित वर्ग विशेष कार्यक्रम संचालन गर्नका लागि अनुदान माग गरेको खण्डमा उपदफा १ बमोजिम रकम उपलब्ध गराइनेछ । त्यसरी कार्यक्रम संचालन गर्दा कुल लागतको ३० प्रतिशत सम्बन्धित संस्थाले नै व्यहोर्ने गरि गाउँपालिकासँग सम्झौता गर्नुपर्नेछ ।

**६.निवेदन दिनुपर्ने:** (१) राहत वा उपचार खर्च बापत आर्थिक सहायता प्राप्त गर्ने व्यक्ति, बिरामी वा बिरामीको रेखदेख गर्ने नजिकको नातेदारले गाउँपालिका समक्ष स्पष्ट व्यहोरा खुलाई तोकीए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) गाउँपालिका क्षेत्रभित्र दफा २ मा उल्लेखित कडारोगबाट बिरामी भई उपचार गराउनु पर्ने विपन्न, सीमान्तकृत, असहाय, महिला, दलित तथा ज्येष्ठ नागरिकहरुले आर्थिक सहायता रकम प्राप्त गर्नका लागि अनुसूची-१ बमोजिमको ढाँचामा गाउँकार्यपालिकाको कार्यालय समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(३) निवेदनका साथ बिरामीको रोग पहिचान भएको चिकित्सकको प्रिस्किप्सन, सम्बन्धित वडाको सिफारिस, नागरिकता प्रमाण पत्रको प्रतिलिपी, २ प्रतिफोटो (बालकको हकमा जन्मदर्ताको प्रतिलिपी) पेश गर्नुपर्नेछ ।

## परिच्छेद ३

## शैक्षिक आर्थिक राहत सहयोग

**७.**(१)आर्थिक रुपमा विपन्न असहाय, अपाङ्गता भएका, संरक्षक विहीन, अभिभावक विहीन बालबालिकाहरुलाई विधालयीय शिक्षा हासिल गर्न सहयोग गर्ने उद्देश्यले आर्थिक राहत सहयोग प्रदान गरिनेछ ।त्यस्ता बालबालिका स्वयम वा नीजको संरक्षकले गाँउपालिका शिक्षा शाखामा निवेदन दिनुपर्नेछ ।पेश भएको निवेदन उपर सामाजिक विकास समितिमा छलफल भई समितिको सिफारिसमा गाँउकार्यपालिकाले निर्णय गरी सहयोग प्रदान गर्न सक्नेछ ।

(२) यस्तो आर्थिक राहत सहयोग एक शैक्षिक सत्रमा एक पटकमात्र प्रदान गरिनेछ ।

(३) शैक्षिक आर्थिक राहत सहयोग सामुदायिक विधालयमा अध्ययन गर्ने बालबालिकालाई मात्र प्रदान गरिनेछ ।

(४) यस सम्बन्धमा अन्य कुराको अन्तिम निर्णय गर्ने अधिकार गाउँकार्यपालिकालाई हुनेछ ।

**परिच्छेद ४**

**विविध**

**८.** यस विधेयक अनुसार भएको खर्चको विवरण गाउँसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

**९. अभिलेख राखुपर्ने:** गाउँपालिकाले उपलब्ध गराएको औषधोपचार बापतको आर्थिक सहायता प्राप्त गर्ने बिरामीको अभिलेख व्यवस्थापन गर्नुपर्नेछ ।

**१०.बाधा अड्काउ फुकाउने अधिकार**: (क) यस विधेयक कार्यान्वयनको सिलसिलामा कुनै बाधाअड्काउ परेमा सो फुकाउने अधिकार गाँउकार्यपालिकाको हुनेछ ।

(ख) तर प्रचलित ऐन, नियम र यस विधेयकको मूलभूत कुरालाई असर गर्ने गरि बाधा अड्काउ फुकाउने अधिकारको प्रयोग गर्न सकिने छैन ।

**११. नियम बनाउने अधिकार:** यस विधेयकको उद्देश्य कार्यान्वयन गर्नलाई शुद्धोधन गाँउपालिकाले नियम, विनियम, कार्यविधी बनाउन सक्नेछ ।

**१२.यसै बमोजिम भए गरेको मानिने:** यो विधेयक स्वीकृत हुनुपुर्व गाँउ कार्यपालिकाबाट सम्पादन भएका कार्यहरु यसै विधेयक अनुरुप भए गरेको मानिनेछ ।

**अनुसूची — १**
**(विधेयकको दफा ३(१) सँग सम्बन्धित)**
**निवेदनको ढाँचा**

श्रीमान अध्यक्ष ज्यू,
मिति...................
शुद्धोधन गाँउकार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही ।

**विषयः औषधी उपचार आर्थिक सहायता उपलब्ध गराइदिने बारे ।**

**महोदय,**

रुपन्देही जिल्ला, शुद्धोधन गाउँपालिका, वडा नं. ............स्थायी निवासी म श्री .............कडारोग/दुर्घटना.................लागि बिरामी भई उपचार गराइरहेकोले/उपचार गराउनु पर्ने भएकोले औषधी उपचारको लागि आर्थिक सहायता उपलब्ध गराइदिनु हुन देहायका कागजात संलग्न गरी निवेदन पेश गरेको व्यहोरा अनुरोध छ ।

<u>संलग्न कागजात</u>

१) नागरिकताको प्रतिलिपी बालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी
२) सम्बन्धित वडाको सिफारिस
३) रोग पहिचान भएको चिकित्सकको प्रिस्किप्सन

**निवेदकको**
दस्तखतः
नाम, थरः
ठेगानाः
सम्पर्क नं.:

प्रमाणिकरण मितिः-२०७९/०९/२९

आज्ञाले
झविलाल भट्टराई
प्रमुख प्रशासकीय अधिकृत